आज मिति २०७९ माघ १९ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको दशौ (१०/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक वहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | श्री मंगल बहादुर शाही | |

# कार्यपालिका बैठकको निर्णय मस्यौदा

## (मिति २०७९ माघ १९ गते)

विषय सूची :-

१.टीकापुर नगरपालिका आर्थिक ऐन, २०७९ संशोधन सम्वन्धमा ।

२ टीकापुर नगरपालिका विनियोजन ऐन, २०७९ संशोधन सम्वन्धमा ।

३.. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत योजना छनौट सम्वन्धमा ।

४.सडक वोर्ड नेपाल कार्यक्रम अन्तर्गत योजना छनौट सम्वन्धमा ।

५.घर नक्शा तथ्यांक अभिलेखीकरण सम्वन्धमा

६. झोलुङ्गे पुल सम्वन्धमा ।

७. ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन सम्वन्धी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन

८. भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा ।

निर्णय :-

निर्णय नं. १ : यस नगरपालिकाको आ.व.२०७९/०८० को कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थाका लागि एघारौं नगर सभावाट स्वीकृत आर्थिक ऐन, २०७९ को अनुसूची १ मा केहि करका दायरामा समेटिने शिर्षक छुट हुन गएकोमा उक्त शिर्षकहरु समेटी संशोधनका लागि नगर सभा समक्ष पेश गर्ने ।

निर्णय नं. २ : यस नगरपालिकाको आ.व. ०७९/०८०का लागि एघारौं नगर सभावाट स्वीकृत विनियोजन ऐन,२०७९ कार्यान्वयनमा रहेकोमा विभिन्न कार्यक्रम र योजनाहरु कार्यान्वय गर्ने क्रममा केही विनियोजन शिर्षकहरुमा रकम अपुग हुने देखिएको, कतिपय विनियोजन शिर्षकमा रकम वचत हुने देखिएको साथै नगरसभावाट नीतिगत रुपमा पारित भई वजेटमा सम्वोधन हुन नसकेका योजना तथा कार्यक्रम सम्वोधन गर्न, वचत हुने शिर्षकवाट रकम थप गर्न र नगरसभा भन्दा पछाडी माग भएका योजना तथा कार्यक्रमहरु सम्वोधन गर्न र वडा स्तरिय कार्यक्रम मध्ये अत्यावश्यक देखिएका केही योजना तथा कार्यक्रमहरुमा संशोधन गर्नुपर्ने देखिएको हुँदा विनियोजन ऐनको अनुसूची संशोधनका लागि नगर सभा समक्ष पेश गर्ने ।

निर्णय नं. ३ : तराई -मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय ईकाई, सिंहदरवारको प.स. ०७९/०८०, च.न.३०१, मिति २०७९/१०/११ गतेको आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्वन्धी प्रकाशित सूचना वमोजिम आगामी आ.व. ०८०/०८१ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपसिल वमोजिमका आयोजना/कार्यक्रम छनौट गरी सम्वन्धित निकायमा स्वीकृतका लागि पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

| क्र.सं. | आयोजना तथा कार्यक्रम | स्थल | नगरपालिकाको लागत अनुमान रकम | नगरपालिकाको लागत साझेदारी (म्याचिगं) रकम | तराई -मधेश समृद्धि कार्यक्रम अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ स्थित शिव मन्दिर देखि जानकी गाउँ पालिका जोड्ने सडक कालोपत्रे (स्तरोन्नती) आयोजना | वडा नं. १ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| २ | महेश रेग्मीको घर देखि ज्योती नगर स्कूल हुँदै जानकी गा.पा. को सिमाना जोड्ने सडक कालोपत्रे आयोजना | वडा नं. १ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| ३ | वडा नं.२ सीतापुर चोक देखि उत्तर मिलनचोक हुँदै सनकट्टी घाट जोड्ने सडक कालोपत्रे आयोजना | वडा नं. २ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| ४ | वडा नं.३ को सिमाना कटानपुर देखि वडा नं.४ को बाघमारा जोड्ने बाटो कालो पत्रे | वडा नं.३ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| ५ | बाघमारा स्थित श्री जन प्रकाश आधारभुत विद्यालय देखि वार्ड नं.३ पुछरी जोड्ने बाटो कालोपत्रे | वडा नं. ४ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| ६ | टीकापुर पार्क देखि दौलतपुर घाट सम्म (सुदूर पश्चिम प्रदेश र लुम्बीनि प्रदेशको सीमा सम्म)जोड्ने कालोपत्रे निर्माण | वडा नं.५ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| ७ | ६ नं वडा कार्यालय परिसर घेरा पर्खाल निर्माण | वडा नं.६ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| ८ | दिव्यपुर देखि हुलाकी सडक जोड्ने बाटो कालो पत्रे टीकापुर | वडा नं. ७ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | वडा नं ८ स्थित बटनपुर गौडी खानेपानी आयोजनाको ट्यांकी निर्माण र पाईप लाईन विस्तार | वडा नं. ८ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| १० | भन्सार कार्यालयबाट पुरानो भन्सार हुँदै कालाकुन्डा चौकी सम्म कालो पत्रे | वडा नं. ९ | ५०,०००००.० | १५०००००.० | ३५०००००.० | |
| | | | | | | |

निर्णय नं. ४ :- सडक बोर्ड नेपालको प.सं.२०७९/०८० ,मिति २०७९/०९/१३ ,च.नं. ६८५ को पत्रानुसार चालु आ.व. २०७९/०८० का लागि सडक बोर्ड नेपाल कार्यक्रम अन्तंगतका सडक मर्मत कार्यक्रम अन्तर्गत रु. ६६ लाख बजेट सिलिङ्ग प्राप्त भएको र उक्त कार्यक्रम संचालन गर्न ३० प्रतिशत बजेट न.पा.बाट म्याचिगं कोषबाट व्यवस्था गर्नु पर्ने प्रावधान भए बमोजीम आ.व.२०७९/०८० का लागि सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम र समपुरक कोष (म्याचिगं फण्ड) शिर्षकमा एकमुष्ट विनियोजीत बजेटबाट रु.२८,२८,५७१।४२ बजेटको सिमामा रही तपशिल बमोजीमका आयोजना ठेक्का प्रक्रियाबाट संचालन गर्ने गरी सडक बोर्ड नेपाल,मीनभवन,काठमाडौंमा सहमतिका लागि अनुरोध गर्ने ।

तपसिल

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | विनियोजीत बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल | न.पा.म्याचिङ | जम्मा रु. | |
| १ | नारायणपुर बेलुवा चोक हुदैं सत्ती बजार हुदैं हुलाकी सडक जोडने बाटो तथा सूर्यपुर जाने चोक नजिकको बाटो र खकौला सडक हुदैं झुंगा तथा फाटा जाने सडक र पुरानो ट्रिनिटी स्कुल चोक हुदैं आखा अस्पताल जाने कालोपत्रे सडक मर्मत आयोजना । | वडा नं. १,७,८ र ९ ,कैलाली । | ३३,६६,१५२।८४ | १४,४२,६३६।९२ | ४८,०८,७८९।७७ | |
| २ | खकौला सडक विष्ट आयल स्टोर हुदैं पशुहाट बजार जाने | वडा नं. १,टीकापुर | ३२,३३,८४७।५५ | १३,८५,९३४।५० | ४६,१९,७८१.६५ | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सडक,नापी कार्यालय हुदैं ईलाका प्रशासन कार्यालय जाने सडक,खकौला सडकबाट ईलाका प्रशासन कार्यालय हुदैं खुला मञ्च जाने सडक तथा जमरा पारि टीकापुर बहुमुखी क्याम्पस हुदै, खकौला सडक जाने कालोपत्रे सडक मर्मत आयोजना । | | | | | |
| | कुल जम्मा रु. | | ६६,००,०००।०० | २८,२८,५७१।४२ | १४,२८,५७१.४२ | |

निर्णय नं. ५ :- यस नगरपालिका क्षेत्र भित्र रहेका घरधनीहरु/नगरवासीहरुबाट घर नक्शा तथ्यांक अभिलेखीकरण छुट हुन गएको र बैंकिगं प्रयोजन लगायतका विषयहरुमा समस्या पर्न गएकोले घर नक्शा तथ्यांक अभिलेखीकरणका लागि अनुरोध भई आएको सम्वन्धमा "टीकापुर नगरपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्वन्धी निर्देशिका ,२०७७ " मा संशोधनको आवश्यकता देखिएको हुँदा उक्त निर्देशिका संशोधनको लागि विधायन समितिमा पठाउने ।

निर्णय नं. ६ : स्थानीय पूर्वाधार विभाग, श्रीमहल, पूल्चोक ललितपुरको प.स. २०७९/०८०, च.नं.२३०, मिति २०७९/१०/१६ को पत्र बमोजिम यस नगरपालिकाको तपसिलका स्थानमा झोलुङ्गे पुल आवश्यक देखिएको हुंदा झोलुङ्गे पुल निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.५ को दौलतपुर घाटमा झोलुङ्गे पुल निर्माण।अन्तर प्रदेश जोड्ने। | टी.न.पा वडा नं. ५ | |
| २ | वडा नं.८ को वनगाउं नालामा झोलुङ्गे पुल निर्माण | टी.न.पा वडा नं. ८ | |
| ३ | वडा नं. ४ वाघमारा देखि वडा नं. ३ कटानपुर जोड्ने जमरा पुलमा झोलुङ्गे पुल निर्माण | टी.न.पा वडा नं. ४ | |
| ४ | वडा नं. २ स्थित भुरा खानी सामुदायिक वन जाने बाटोमा पर्ने रानी कुलोमा झोलुङ्गे पुल निर्माण | टी.न.पा वडा नं. २ | |
| ५ | वडा नं.६ भर्तापुर स्थित दैलेखी टोल हुदै वि.पी. निकुन्ज जाने बाटोमा जमरा खोलामा झोलुङ्गे पुल निर्माण | टी.न.पा वडा नं. ६ | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६ | वेलुवा बाट वि.पी निकुन्ज जाने बाटोमा पर्ने सुनसुनिया झरनमा झोलुङ्गे पुल निर्माण | टी.न.पा, वडा नं ७ | |
| ७ | टी.न.पा वडा नं.७ बनदेवि मन्दिर देखि कुन्तीपुर जाने बाटोमा पर्ने ओजुवा तालमा झोलुङ्गे पुल निर्माण | टी.न.पा, वडा नं ७ | |
| ८ | सत्ती कर्णाली सामुदायिक पिकनिक स्पट जोड्ने कर्णाली नालामा झोलुङ्गे पुल निर्माण | टी.न.पा, वडा नं ७ | |
| ९ | वडा नं ७ को डल्फिन क्षेत्र देखि भजनी न.पा. वडा नं.३ को दैलेखी टोल र भजनी न.पा वडा नं. ८ को काढा नदी र पथरैया नदीमा त्रीकोणात्मक झोलुङ्गे पुल निर्माण | टी.न.पा, वडा नं ७ | |
| १० | सत्ती खेल मैदान पुरानो मसानघाट देखि कर्णाली सामुदायिक वन जोड्ने कर्णाली नालामा झोलुङ्गे पुल निर्माण | टी.न.पा, वडा नं ७ | |

निर्णय नं. :-७ यस टीकापुर नगरपालिकाको पूर्वी क्षेत्रमा पर्ने कर्णाली नदिको विभिन्न क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा संकलन तथा उत्खनन् गर्ने कार्य (आ.ब .२०७९/०८०-०८०/०८१ ) कार्यका लागि मस्क डियर ईन्जिनियरिंग कन्सल्टेन्ट प्रा.लि. धनगढी उप-महानगरपालिका-२ बाट प्राप्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने साथै चालु आ.ब.को हकमा प्रतिवेदनमा उल्लेखित तपसिल वमोजिमका स्थानहरुमा क्रमिक रुपमा नगरपालिकाको जनशक्ति परिचालन गरी नियमानुसारको दस्तुर लिई विक्री वितरण गर्ने ।

तपसिल

| क्र.सं. | स्थान | कैफियत |
|---|---|---|
| १ | टीकापुर-२, सनकट्टी घाट | |
| २ | टीकापुर -५, दौलतपुर घाट | |
| ३ | टीकापुर-८, वनगाउँ | |
| ४ | टीकापुर-२, मूलपानी | सहज रुपमा पहुँच मार्ग भएमा |
| ५ | टीकापुर -५, पार्क अगाडि | |
| ६ | टीकापुर -५, साइपुर | चालु आ.ब.मा उत्खनन नगर्ने |

निर्णय नं. ८ :-यस नगर क्षेत्रको संस्कृति, सम्पदा र पर्यटकीय, पर्यावरण क्षेत्रको संरक्षण, प्रवर्द्धन, विकास र प्रचार प्रसारमा सहकार्य गर्न ललितपुर महानगरपालिका, बागमती प्रदेश सँग भगिनी सम्बन्ध स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत